# घर/जग्गा खरिद सम्बन्धी सिलबन्दी प्रस्ताव आव्हानको सूचना

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. को केन्द्रीय कार्यालयका लागि जग्गा वा घर/जग्गा खरिद गर्नुपर्ने भएकोले घर/जग्गा बिक्री गर्न इच्छुक जग्गाधनीहरूले यो सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र निम्न सर्तहरूको अधिनमा रही सिलबन्दी प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । साथै, अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो विदाको भोलिपल्टको कार्यालय समयलाई प्रस्ताव पेश गर्ने अन्तिम दिन मानिने छ ।

सर्तहरू:

(क) प्रस्तावित जग्गा वा घर/जग्गा काठमाडौं उपत्यकाको चक्रपथ (रिङ्ग रोड) भित्र काठमाडौं जिल्लाको भुभागमा ६ मिटर मोटरबाटोको सुविधा भएको ठाउँमा हुनु पर्नेछ ।

(ख) माथि (क) अनुसारको जग्गाको क्षेत्रफल देहाय अनुसार हुनु पर्ने :-

(१) वित्तीय संस्थालाई उपयुक्त हुने वा आंशिक रूपमा उपयुक्त हुने किसिमको घर सहितको जग्गाको हकमा जग्गाको क्षेत्रफल कम्तिमा २० आना देखि बढीमा ५० आना सम्म रहेको, त्यसमा बनेको घरमा घटिमा ७००० बर्ग फिट स्थान उपलब्ध भई घटिमा ८ वटा सम्म कार/जीप पार्किङ्ग गर्न सकिने ठाउँ रहेको र कम्पाउण्ड वाल भएको हुनुपर्ने ।

(२) घर नभएको वा घरको हिसाब नगरिने जग्गाको हकमा क्षेत्रफल घटिमा ३० आना देखि बढीमा ८० आनासम्म हुनु पर्नेछ ।

(ग) प्रस्तावित घर/जग्गामा घर/जग्गा धनीको नाममा दर्ता श्रेस्ता भई एकलौटी हकभोग कायम रहेको, मुद्दामामिला-झगडा नभएको र कानूनी रूपले हकहस्तान्तरण गर्न बन्देज नरहेको हुनुपर्नेछ ।

(घ) प्रस्तावदाता जग्गाधनीको नागरिकताको प्रमाण पत्रको फोटोकपी, जग्गाधनी दर्ता प्रमाणपूर्जाको फोटोकपी, चालु आ.व.मा सम्पत्ति कर/तिरो तिरेको रसिदको प्रतिलिपि, घर समेत बिक्रि गर्ने भएमा घरको नक्सा, घर निर्माण सम्पन्नताको प्रमाणपत्रको प्रतिलिपि, सर्भे-नक्सा (ब्लू प्रिन्ट), सम्बन्धित निकायबाट ४ किल्ला प्रमाणित सिफारिस पत्र संलग्न गरी वित्तीय संस्थाबाट तोकिएको ढाँचामा जग्गाको विवरण तथा मूल्य समेत अंक र अक्षरमा खुलाई पेश गर्नु पर्नेछ । प्रस्तावदाता संगठित संस्था भएमा माथिका कागजातका साथै संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपी, घर/जग्गा बिक्री गर्ने भन्ने बारे अधिकारप्रत्यायोजन सहितको सञ्चालक समितिको निर्णय र अख्तियार प्राप्त पदाधिकारीको नागरिकताको प्रतिलिपी समेत पेश गर्नु पर्नेछ ।

(ङ) सिलबन्दी प्रस्ताव पेश गर्ने अन्तिम मितिको भोलीपल्ट दिनको १.०० बजे वित्तीय संस्थाको केन्द्रीय कार्यालय तीनकुने, काठमाडौंमा उपस्थित भएसम्मका जग्गाधनी वा अख्तियारप्राप्त प्रतिनिधीहरूको रोहबरमा खोलिनेछ ।

(च) प्रस्तावित जग्गाहरूको स्थलगत निरीक्षण गरी वित्तीय संस्थालाई उपयुक्त हुने नहुने सो समेत यकिन गरी प्रस्ताव आंशिक वा पूर्ण रूपमा स्विकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस वित्तीय संस्थामा सुरक्षित रहेको छ ।

(छ) निवेदन/फारामको ढाँचा तथा थप जानकारीको लागि निम्न ठेगानामा सम्पर्क राख्न सकिनेछ ।

**साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.**
केन्द्रीय कार्यालय, सुविधानगर, तिनकुने
फोन नं ०१-४१११९२३/४१११८२८
वेभसाईटः www.skbbl.com.np